यो आयोजना तथ्याङ्क विवरण अनुवाद २०७२ साउन २८ (१३ अगस्ट २०१५) को अङ्ग्रेजी मूल संस्करणमा आधारित छ।

ADB ASIAN DEVELOPMENT BANK

## नेपाल : भूकम्प आपतकालीन सहायता आयोजना

| | |
|---|---|
| आयोजनाको नाम | भूकम्प आपतकालीन सहायता आयोजना<br>Earthquake Emergency Assistance Project |
| आयोजना नम्बर | ४९२१५-००१ |
| देश | नेपाल |
| आयोजनाको अवस्था | स्वीकृत |
| आयोजनाको प्रकार / सहायताको रुपरेखा | ऋण<br>प्राविधिक सहायता |
| लगानीको स्रोत / रकम | **ऋण ३२६०-एनईपी : भूकम्प आपतकालीन सहायता आयोजना**<br>एसियाली विकास कोष — २०० मिलियन अमेरिकी डलर<br>**प्राविधिक सहायता ९८१०-एनईपी : नेपाल भूकम्प पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रमको कार्यान्वयनका लागि सहायता आयोजना**<br>प्राविधिक सहायता विशेष कोष — १.५० मिलियन अमेरिकी डलर |
| रणनीतिक कार्यसूची | वातावरणीय रुपमा दिगो वृद्धि<br>समावेशी आर्थिक वृद्धि |
| परिवर्तनका संवाहक | सुशासन र क्षमता विकास |
| क्षेत्र/उपक्षेत्र | शिक्षा - शिक्षा क्षेत्र विकास |
| लैङ्गिक समता र मूलप्रवाहीकरण | प्रभावकारी लैङ्गिक मूल प्रवाहीकरण |
| वर्णन | यस आयोजनामार्फत एसियाली विकास बैंकले हजारौं बालबालिकालाई विद्यालयमा फर्काउने, निराशामा रहेका समुदायहरुमा महत्वपूर्ण सरकारी सेवाहरु पुनःप्रवाह गराउने, र महत्वपूर्ण सडक सञ्जालहरुको मर्मत गरेर परिवारहरुका लागि रोजगारी र आय आर्जनका अवसर सिर्जना गर्ने नेपाल सरकारको प्रयत्नमा सहयोग गर्नेछ । आयोजनाले भूकम्पबाट भत्केका कम्तीमा ७०० विद्यालयका भवनहरु पुनर्निर्माण वा मर्मत गर्नेछ । यस आयोजना अन्तर्गत पुनर्निर्माण वा मर्मत गरिएका विद्यालयहरुमा भविष्यमा आइ पर्ने विपद् सामना गर्नका लागि सबल संरचना र इन्जिनियरिङ कार्यहरु समावेश हुनेछन् । तिनीहरुमा छात्रा र |

| | |
|---|---|
| | छात्रका लागि बेग्लाबेग्लै सुविधा सम्पन्न सुधारिएका शौचालय पनि रहने छन् । आयोजनाको हिस्साका रुपमा पुनः सुविधा सम्पन्न बनाइएका विद्यालयहरुका आसपासका समुदायमा विपद् जोखिम व्यवस्थापन सिद्धान्तको जानकारी र चेतना अभिवृद्धि गराइने छ । साथै, विपद्को सामना गर्ने सरकारी संरचनाहरु निर्माण र सुविधायुक्त बनाउँदा जनतामा महत्वपूर्ण सामाजिक सेवाहरु सम्भव भएसम्म चाँडो दिन सङ्क्रमणकालीन कार्यालयहरुको स्थापना गरिने छ । आयोजनाले भूकम्प र पहिरोबाट भत्केका करिब १३५ किलोमिटर रणनीतिक सडक र करिब ४५० किलोमिटर ग्रामीण सडकको पनि मर्मत र सुधार गर्नेछ । सडकहरु भविष्यमा आइ पर्ने विपद् र जलवायु परिवर्तनको असरको सामना गर्न सक्ने बनाउन सुधारिएका सडक सुरक्षा विशेषताहरु सहित पुनर्निर्माण गरिने छन् । आयोजना अन्तर्गतको भइरहेको कामको दीर्घकालीन नतिजा भविष्यमा आइ पर्ने विपद्को समाना गर्न सक्ने गरी डिजाइन गरिएका सडक, विद्यालयहरु र सरकारी भवनहरुको निर्माण रहेको छ । यसले भूकम्पबाट तहसनहस भएका समुदायको सामाजिक र आर्थिक पुनःप्राप्तिलाई गति दिने छ । |
| आयोजनाको औचित्य र राष्ट्रिय/क्षेत्रीय रणनीतिसँगको सम्बन्ध | २०७२ वैशाख १२ गते (२५ अप्रिल २०१५) नेपालले हालैको सबैभन्दा विनाशकारी भूकम्पको सामना गऱ्यो । ७.८ म्यागिनच्युडको भूकम्पले राजधानी काठमाडौंलाई तहसनहस बनायो र नेपालको समग्र भूक्षेत्रको २० प्रतिशतमा क्षति पुऱ्यायो । देशका भवनहरु र ऐतिहासिक स्थलहरुमा भएको व्यापक विनाशले विश्वलाई तत्काल्रै स्तब्ध बनायो र भूकम्पबाट निधन भएका नेपाली जनताको सङ्ख्याको दृश्यले अवस्थालाई अरु बढी संवेदनशील बनायो । करिब ८० लाख मानिसहरु प्रभावित भए जसमा ८,७०० को मृत्यु भयो भने २२,४९३ घाइते भए । ७८५,००० घरहरु भत्किँदा लाखौं मानिस घरवारविहीन भए । करिब ३०,००० विद्यालयका भवनहरु भत्किँदा करिब १५ लाख बालबालिकाको शिक्षा प्रभावित भयो । जनतालाई अति आवश्यक सेवा प्रदान गर्न पुनर्स्थापनाको प्रक्रिया सुरु गर्ने अधिकांश सरकारी भवनहरु क्षतिग्रस्त हुँदा अवस्था अरु निराशाजनक बन्यो । प्रारम्भिक तथ्याङ्कले क्षतिको आँकडा रुपियाँ ४७ खर्ब ६० अर्ब बिलियन रुपियाँदेखि ७६ खर्ब ८ अर्ब रुपियाँसम्म (४.८ बिलियन अमेरिकी डलरदेखि ७.७ बिलियन अमेरिकी डलरसम्म) पुग्ने देखाएको छ, जुन देशको कुल गार्हस्थ उत्पादनको एक तिहाइभन्दा बढी हुन आउँछ । खास गरेर आफ्नो जीविकोपार्जनका लागि नेपालका धेरै जनता निर्भर रहेको पर्यटन उद्योगमा बढी असर पुग्यो । काठमाडौं उपत्यकामा रहेका १० वटा विश्व सम्पदा सूचीमा रहेका स्थलहरुमध्ये सात वटामा क्षति पुग्यो, त्यस्तै धेरै लोकप्रिय पदयात्राका मार्गहरु पनि क्षतिग्रस्त भए । भूकम्पका कारण लगभग १० लाख मानिस गरिबीमा धकेलिन सक्ने प्रारम्भिक अनुमानले सङ्केत गरेको छ । |
| प्रभाव | नेपालको भूकम्पबाट प्रभावित जिल्लाहरु (आयोजनाले निर्दिष्ट गरे अनुरुप) मा द्रुत आर्थिक र सामाजिक पुनर्लाभ |

| | |
|---|---|
| **आयोजनाको प्रतिफल** | |
| प्रतिफलको वर्णन | भूकम्प प्रतिरोधी पूर्वाधारसहित महत्वपूर्ण आर्थिक तथा सामाजिक गतिविधि पुनः सक्रिय भएको |
| प्रतिफल तर्फको प्रगति | |
| **कार्यान्वयनको प्रगति** | |
| आयोजनाको नतिजाको वर्णन | १. विद्यालयहरु पुनःनिर्माण र स्तरोन्नति भएको<br><br>२. सडक र पुलहरु मर्मत र/वा पुनःनिर्माण भएको<br><br>३. जिल्ला सरकारी कार्यालयहरु निर्माण र/वा पुनर्निर्माण भएको<br><br>४. विपद्को पूर्व तयारी र व्यवस्थापन क्षमता सुदृढ भएको |
| कार्यान्वयनको प्रगतिको अवस्था (नतिजा, गतिविधि र विषय वस्तु) | |
| भौगोलिक अवस्थिति | |

| | |
|---|---|
| **सुरक्षण समूहहरु** | |
| वातावरण | ख |
| अनैच्छिक पुनर्वास | ख |
| आदिवासी जनसङ्ख्या | ग |

| | |
|---|---|
| **वातावरणीय र सामाजिक विषय वस्तुको सारांश** | |
| वातावरणीय पक्षहरु | वातावरणीय दृष्टिबाट आयोजना ख वर्गमा रहेको छ । उपआयोजनाहरुले विद्यालय, सडक र सार्वजनिक भवनहरुको निर्माण गर्ने छन् । उल्लेख्य प्रतिकूल वातावरणीय असरको रोकथाम गर्न उपआयोजना चयनका मापदण्डहरु तय गरिएका छन् । वातावरणीय मूल्याङ्कन र पुनरावलोकन कार्य ढाँचा तयार पारिएको थियो र एडिबीको सुरक्षण नीति कथन, २००९ र सरकारी ऐन तथा नियमावली बमोजिम सार्वजनिक गरिएको थियो । कार्यान्वयनको व्यवस्थापन कार्यान्वयन गर्ने निकायहरु र एडिबीको लगानीका अन्य आयोजनाहरुको अनुभवका आधारमा तय गरिएको छ र वातावरणीय प्रभावको व्यवस्थापन गर्न परामर्श सहायता मार्फत पर्याप्त क्षमताको सुनिश्चित गरिएको छ । वातावरणीय मूल्याङ्कन र पुनरावलोकन कार्य ढाँचासँग मेल खाने गरी प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय व्यवस्थापन योजना तयार पारिने छ र त्यसलाई बोलपत्र र ठेकेदारहरुले कार्यान्वयन गर्नु पर्ने ठेक्काका र कार्यान्वयन गर्ने निकायहरुले गर्ने अनुगमनका काजगातमा समावेश गरिने छ । साथै, नेपाल आवासीय नियोगमा गर्नु पर्ने वातावरणीय प्रतिवेदन अर्ध वार्षिक रुपमा प्रस्तुत गरिने छ । |

| | |
|---|---|
| अनैच्छिक पुनर्वास | जग्गा प्राप्ति, अनैच्छिक पुनर्वासका प्रभाव र सामाजिक जोखिम कम गर्न उपआयोजना चयनका मापदण्डहरु तय गरिएका छन् । योजना अध्ययन र उपआयोजनाहरुको विस्तृत डिजाइनलाई सहयोग गर्न पुनर्वास कार्य ढाँचा तयार पारिएको थियो र एडिबीको सुरक्षण नीति कथन र सरकारी ऐन तथा नियमावली बमोजिम सार्वजनिक गरिएको थियो । कार्यान्वयनको व्यवस्थापन प्रक्रिया कार्यान्वयन गर्ने निकायहरु र एडिबीको लगानीका अन्य आयोजनाहरुको अनुभवका आधारमा तय गरिएको छ र वातावरणीय प्रभावको व्यवस्थापन गर्न परामर्श सहायता मार्फत पर्याप्त क्षमताको सुनिश्चित गरिएको छ । |
| आदिवासी जनसङ्ख्या | कार्यान्वयनको अवधिमा आयोजना क्षेत्रहरुमा सरोकारवालाहरुसँग परामर्श गरिने छ । |
| **सरोकारवालासँगको सञ्चार, सहभागिता र परामर्श** | |
| आयोजना निर्माणको अवधिमा | आयोजनाको तयारीको क्रममा पेसागत संघसंस्थाहरु, विकासका साझेदारहरु र सरकारमार्फत निजी क्षेत्रसँग र स्थलगत अध्ययनको क्रममा लाभ पाउने सम्भाव्य व्यक्तिहरुलगायत उल्लेख्य मुख्य सरोकारवालाहरुसँग परामर्श गरिएको थियो । |
| आयोजना कार्यान्वयनको अवधिमा | सञ्चार र सामुदायिक परिचालनमा सहयोग गर्न सामाजिक विज्ञहरु परिचालन गरिने छन् । उनीहरुले यौनजन्य सङ्क्रमण र बालश्रम जस्ता विपद्पछिका सामाजिक जोखिमहरु न्यूनीकरण गर्न चेतना अभिवृद्धि गर्ने छन् । |
| **व्यावसायिक अवसरहरु** | |
| परामर्श सेवा | सबै परामर्शदाताहरु परामर्शदाताको प्रयोग सम्बन्धी एडिबीको निर्देशिका बमोजिम नियुक्त हुने छन् । परामर्शदातासँगको सम्झौता गर्नका आवश्यक पर्ने जाँच सूची http://www.adb.org/documents/handbooks/project-implementation/ मा उपलब्ध छ । गुणस्तर र खर्चमा आधारित छनौट (क्युसीबीएस) र एसएसएस अन्तर्गत फर्महरुसँगबाट सेवा लिने सम्बन्धी सम्झौताका लागि विस्तृत प्रक्रिया खरिद योजनामा उल्लेख गरिएको छ । ईए/आईएको लचकता सुनिश्चित गर्ने एउटा प्रयास स्वरुप एडिबीलाई चार पटक सुझाव/प्रतिवेदन (सुझाव/प्रतिवेदन १, २, ३ र ४) प्रस्तुत गर्ने व्यवस्थाको साटो कम्तीमा तिन पटक सुझाव/प्रतिवेदन दिए हुने व्यवस्था गरिएको छ । सबै परामर्शदाता फर्मको छनौट तिनका परामर्शदाताहरुको सहयोगमा ईए/आईएबाट गरिने छ ।<br>परामर्शदाता फर्महरु चयन गर्ने काम प्राविधिक प्रस्तावको व्यक्तिगत विवरणको उपयोग गर्दै गुणस्तर र खर्चमा आधारित छनौट ((क्युसीबीएस), ९०:१० को अनुपातमा गुणस्तर खर्च अनुपात)) मार्फत गरिने छ । आयोजना ३ वर्षमा पुरा हुने भएकाले परामर्शदाताहरुको नियुक्ति र परिचालन आशयपत्र र प्रस्ताव आह्वानका लागि १५ दिनको छोटो प्रस्ताव प्रस्तुत अवधिमा द्रुत रुपमा गरिने छ । |

| | |
|---|---|
| खरिद | वस्तु तथा कामको खरिद र परामर्श सेवा लिने काम एडीबीको विपद् आपतकालीन सहायतता नीति, खरिदका लागि एडिबीको निर्देशिका (अप्रिल २०१५ र पछिल्ला संशोधनसमेत) र परामर्शदाताको प्रयोग सम्बन्धी एडिबीको निर्देशिका (अप्रिल २०१३ र पछिल्ला संशोधनसमेत) को अधीनमा रही सरलीकृत र द्रुत प्रक्रियाबाट हुनेछ । |
| जिम्मेवार एडीबी अधिकारी | भिभिअन क्यास्ट्रो-वुल्ड्रिज |
| जिम्मेवार एडीबी विभाग | दक्षिण एसिया विभाग |
| जिम्मेवार एडीबी महाशाखा | नेपाल आवासीय नियोग |
| कार्यान्वयन गराउने निकाय | अर्थ मन्त्रालय |
| **समय तालिका** | |
| अवधारणा पारित | २०७२ जेठ २१ (४ जुन २०१५) |
| तथ्य प्राप्ति | २०७२ जेठ १९ (२ जुन २०१५) देखि<br>२०७२ जेठ २२ (५ जुन २०१५) सम्म |
| व्यवस्थापन समीक्षा बैठक | २०७२ जेठ २५ (८ जुन २०१५) |
| स्वीकृति | २०७२ असार ९ (२४ जुन २०१५) |
| पछिल्लो समीक्षा भ्रमण (मिसन) | - |

**ऋण ३२६०-एनईपी**

| महत्वपूर्ण तथ्याङ्कहरू | | | | | |
|---|---|---|---|---|---|
| **स्वीकृति** | **हस्ताक्षर मिति** | **प्रभावकारिता मिति** | **समाप्ति** | | |
| | | | **मूल** | **संशोधित** | **वास्तविक** |
| २०७२ असार ९ (२४ जुन २०१५) | - | - | २०७५ चैत १७ (३१ मार्च २०१९) | - | - |

| **लगानी योजना** | | **ऋणको उपयोगिता** | | | | |
|---|---|---|---|---|---|---|
| | कुल (मिलियन अमेरिकी डलरमा) | मिति | एडीबी | अन्य | खुद | प्रतिशत |
| आयोजनाको लागत | २३२.०० | सञ्चित सम्झौता | | | | |
| एडीबी | २००.०० | २०७२ असार ९ (२४ जुन २०१५) | ०.०० | ०.०० | | ०% |
| समकक्षी | ३२.०० | सञ्चित खर्च | | | | |
| सहवित्त | ०.०० | २०७२ असार ९ (२४ जुन २०१५) | ०.०० | ०.०० | | ०% |

## प्राविधिक सहायता ८९१०-एनईपी

| महत्वपूर्ण तथ्याङ्कहरू | | | | | |
|---|---|---|---|---|---|
| स्वीकृति | हस्ताक्षर मिति | प्रभावकारिता मिति | समाप्ति | | |
| | | | मूल | संशोधित | वास्तविक |
| २०७२ असार ९ (२४ जुन २०१५) | २०७२ साउन १० (२६ जुलाई २०१५) | २०७२ साउन १० (२६ जुलाई २०१५) | २०७५ असार १६ (२६ जुलाई २०१५) | - | - |

| लगानी योजना/प्राविधिक सहायताको उपयोगिता | | | | | | | सञ्चित खर्च | |
|---|---|---|---|---|---|---|---|---|
| एडिबी | सहवित्त | समकक्षी सरकार | लाभ प्राप्तकर्ता | आयोजनाको दाता | अन्य | जम्मा | मिति | रकम |
| १,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००,०००.०० | २०७२ असार ९ (२४ जुन २०१५) | ०.०० |

| | |
|---|---|
| पछिल्लो आयोजना तथ्याङ्क विवरण सङ्कलन | २०७२ जेठ  ३२ (१५ जुन २०१५) |
| आयोजनाको बेव पेज | http://www.adb.org/projects/49215-001/main |
| आयोजना सम्बन्धी जानकारीका लागि | http://www.adb.org/forms/request-information-form?subject=49215-001 |

आयोजना तथ्याङ्क विवरणमा कुनै पनि आयोजना तथा कार्यक्रमको सारांश जानकारी दिइएको हुन्छ । किनभने आयोजना तथ्याङ्क विवरण भनेको निरन्तर चलिरहने (अद्यावधिक भइरहने) प्रक्रिया हो । कतिपय जानकारी सुरूकै विवरणमा उपलब्ध नहुन सक्छन् तर त्यस्ता जानकारीहरूलाई समेत क्रमवद्ध रूपमा समावेश गर्दै लगिने छ । प्रस्तावित आयोजनाका बारेमा समावेश गरिएका जानकारीहरू अनुमानित तथा साङ्केतिक हुन् ।

एडिबीबाट यस आयोजना तथ्याङ्क विवरणमा दिइएका सूचनाहरु यसका प्रयोक्ताहरुलाई कुनै पनि किसिमको सुनिश्चिततताविना स्रोतका लागि मात्र रहेका छन् । एडिबीले उच्च गुणस्तरको विवरण प्रदान गर्ने प्रयास गर्दा गर्दै पनि यी सूचना कुनै पनि किसिमको वारेण्टीविना नै “यथा तथ्य”का रुपमा उपलब्ध गराइएका छन । सूचना प्रत्यक्ष वा अप्रत्यक्ष हुन सक्दछन् जुन व्यावसायिक वारेण्टीको सीमितता र खास प्रयोजनका लागि उपयुक्तताको वारेण्टीविनाका तथा अनतिक्रम्य रहेका छन् । एडिबीले विशेष गरी यस्ता कुनै पनि सूचनाको तथ्यपरकता वा पूर्णताका सम्बन्धमा कुनै पनि प्रकारको वारेण्टी वा प्रतिनिधित्व गर्दैन ।